आउँदो आर्थिक वर्ष इन्द्रसरोवरले राजश्व बाँडफाँडको बजेट सबैभन्दा कम पाउने । पृष्ठ ५ मा

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१७, अंक-३८ ● २०८१ चैत २५ गते सोमबार, ● 07 April, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




## थाहानगरको झम्केश्वरीमा छात्रावास भवन शिलान्यास



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १, को झम्केश्वरी माध्यमिक विद्यालयको ६ कोठे छात्राबास भवनको शिलान्यास भएको छ । २४ चेतमा संघीय सांसद तथा नेपाल कम्युनिष्ट पार्टी एमालेका प्रमुख सचेतक महेश कुमार बर्तौलाले भवनको शिलान्यास गरेका हुन् । 'एक पालिका, एक छात्राबास' अभियानअन्तर्गत झम्केश्वरीमा छात्रावास निर्माणको कार्य हुन लागेको सांसद बर्तौलाको भनाइ छ ।

संघीय सरकारको १ करोड रूपैयाँ लागतमा भवन निर्माण हुने झम्केश्वरी माध्यमिक विद्यालयका लेखापाल जर्म श्रेष्ठले जानकारी दिए । भवन निर्माणको ठेक्का एलन निर्माण सेवाले पाएको छ । आउँदो असार मसान्तसम्ममा भवन निर्माण गरी सक्ने उनले बताए । ५१ जना विद्यार्थीका लागि छात्रावास निर्माण हुन लगिएको हो ।

झम्केश्वरी माध्यमिक विद्यालयमा बालविकास केन्द्रदेखि कक्षा-१० सम्म पढाई हुन्छ । २ देखि साढे २ घण्टाको पैदल यात्रा गरी कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिकाको ४ र ५ नम्बर वडाबाट समेत पढ्नका लागि विद्यार्थी आउने गरेका छन् । विद्यालय तहको शिक्षा लिनकै लागि विद्यार्थी कोठा भाडामा लिएर बस्न बाध्य छन् । जसमा ४० जना विद्यार्थी कोठा भाडामा बस्दै आएको लेखापाल श्रेष्ठले जानकारी दिए । छात्रावास निर्माण पश्चात् घण्टौं पैदल यात्रा गरेर आउने विद्यार्थी र कोठा भाडामा बस्न बाध्य विद्यार्थीलाई राहत हुने उनले बताए ।

छात्रावासमा बस्ने विद्यार्थीले खानाको व्यवस्था आफैंले गर्नुपर्ने छ । सकेसम्म खानाको व्यवस्था सरकारलाई नै गरि दिन विद्यालयले पहल गर्ने श्रेष्ठले बताए । हाल विद्यालयमा १८ शिक्षक छन् भने २ सय ९५ जना विद्यार्थी अध्ययनरत छन् । यस वर्ष माध्यमिक शिक्षा परीक्षा (एसईई) मा २६ जना विद्यार्थी सहभागी भएका थिए ।

## सिस्नेरीमा तीन जनाको खोलामा डुबेर मृत्यू

◆ विकास संवाददाता

नुहाउने क्रममा खोलामा डुब्दा मकवानपुरमा तीनजना बालकको ज्यान गएको छ । १८ चैत्र दिउँसो मकवानपुर को इन्द्रसरोवर-३ सिस्नेरीस्थित सिस्नेरी खोलामा नुहाउन गएका उनीहरूको डुबेर मृत्यु भएको हो ।

मृत्यु हुनेमा सोही स्थानका श्यामबहादुर आचार्यका १४ बर्षीय छोरा सुशान्त आचार्य, भान्जाहरू १५ बर्षका प्रमेश घोरासैनी र १२ बर्षका प्रभात घोरासैनी रहेका छन् । काभ्रे घर भएका प्रमेश र प्रभात दुईदिन अघि मात्रै मामाघर आएका थिए । स्कुल बिदा भएपछि बिदा मनाउन मामाघर आएका उनीहरू मामाको छोरा अर्थात् सुशान्तनसँगै नुहाउनका लागि खोलामा गएका थिए ।

गत असोजमा आएको बाढीले बनाएको खोलाको खाल्टोमा डुबेर उनीहरूको मृत्यु भएको वडाध्यक्ष प्रताब भोम्जन बताउँछन् । 'तीनजना खोलामा नुहाउन भनेर निस्किएछन्', उनले भने, 'अबेर सम्म पनि घर नफर्किएपछि परिवार हेर्न जानुभएछ । खोलाको किनारमा कपडा र चप्पल देखिए पनि बालकहरू नदेखे पछि डुबेको शंकामा खोजतलास गर्दा डुबेको अवस्थामा मृत भेटियो ।' शवको पोष्टमार्टमका लागि काठमाडौं लगिएको हो ।

### बागमती प्रदेशमा समपूरक अनुदानका लागि

# स्थानीय तह वर्गीकरण

मणिराज थापा
थाहानगर

बागमती प्रदेश सरकारले समपूरक अनुदान मार्फत स्थानीय तहमा कार्यान्वयन गर्ने आयोजनाको बजेट अनुपातमा व्यापक फेरबदल गरेको छ । प्रदेश सरकारले २१ चैतमा जारी गरेको 'प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०८१' अनुसार यस्तो फेरबदल गरेको पाइएको हो । प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७७, खारेज गरी ल्याइएको नयाँ कार्यविधि अनुसार प्रदेश अन्तर्गतका स्थानीय तहलाई योजनाहरूको प्रस्ताव पेश गर्न २१ चैतमै सूचना समेत गरेको छ ।

यसअघिको 'प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७७' अनुसार गाउँपालिका/नगरपालिकाबाट कार्यान्वयन गरिने समपूरक आयोजना/कार्यक्रमको कुल लागतमा ५०/५० प्रतिशत साँझेदारी अनुपात तोकिएको थियो । स्थानीय सरकारको आन्तरिक राजस्व संकलन, समृद्धिको अवस्था, उद्योगधन्दा एकाग्रता, आर्थिक, सामाजिक, पूर्वाधार सहितको आन्तरिक राजश्व परिचालनको सूचाङ्कका आधारमा नयाँ कार्यविधिमा स्थानीय तहको वर्गीकरण गरिएको छ । समपूरक अनुदान विभेदकारी रहेको भन्दै संघीय सरकारकै ढाँचा पछ्याउँदै प्रदेश सरकारले अनुदानको अनुपातमा परिवर्तन गरेको जनाएको छ ।

समपूरक अनुदान सम्बन्धी नयाँ कार्यविधिमा स्थानीय सरकारबीच न्यापूर्ण विनियोजन र स्थानीय तहहरूको स्वायत्तता प्रत्याभूत हुने कुरालाई विशेष ध्यान दिइएको बताइएको छ ।

### बागमतीका स्थानीय सरकारलाई ७ स्तरमा वर्गीकरण

बागमती प्रदेश सरकारले समपूरक अनुदाबाट पालिकाहरूमा योजना सञ्चालनका लागि १ सय १९ स्थानीय सरकारलाई ७ किसिममा वर्गीकरण गरेको छ । वर्गीकरण अनुसारको बजेट साँझेदारीको अनुपात कार्यविधिमै तोकेको छ ।

कार्यविधि अनुसार 'क' वर्गमा पाँच वटा स्थानीय सरकार परेका छन् । यस वर्गमा पर्ने स्थानीय सरकारले आफ्नो २० प्रतिशत मात्र लागत साँझेदारीमा

बाँकी पेज ६ मा




### मकवानपुरका पालिकालाई कति अनुदान ?

प्रदेश सरकारले २१ चैतमा जारी गरेको 'प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०८१' मा स्थानीय सरकारलाई वर्गीकरण गरेको हो । प्रदेश सरकारको वर्गीकरण अनुसार मकवानपुरको १० स्थानीय सरकार मध्ये ५ वटा सरकारको समपूरक बजेट बढ्ने छ ३ वटाको घट्ने र २ वटा स्थानीय सरकारको समपूरक बजेट साविककै रहने कार्यविधिमा उल्लेख छ ।

'प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७७' अनुसार सबै स्थानीय सरकारले प्रदेश समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रमका लागि ५० प्रतिशत अनुदान पाउँदै आएका थिए । स्थानीय सरकारको आन्तरिक राजस्व संकलन, समृद्धिको अवस्था, आन्तरिक राजश्व परिचालनको सूचाङ्कका आधारमा समपूरक अनुदानको अनुपातलाई नयाँ कार्यविधिमा तोकिएको छ । 'पालिकालाई सात वर्गमा वर्गीकरण गरिएको छ, त्यसकै आधारमा २० देखि ८० प्रतिशतसम्म प्रदेशबाट समपूरक अनुदान पाउने हो'- आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत इन्द्रराज संज्यालले भने ।

नयाँ कार्यविधि अनुसार कैलाश र राक्सिराङ गाउँपालिका ुखु वर्गमा परेको छ । यि दुई पालिकाले प्रदेशबाट ७० प्रतिशत समपूरक अनुदान पाउने भएका छन् । इन्द्रसरोवर, भीमफेदी र बागमती गाउँपालिका 'ग' वर्गमा परेका छन् । यि पालिकाहरूले प्रदेश सरकारबाट ६० प्रतिशत अनुदान पाउने भएका छन् भने बकैया र मकवानपुर गढी गाउँपालिका 'घ' वर्गमा परेका छन् । यि पालिकाले साविककै झै ५० प्रतिशत समपूरक अनुदान प्रदेश सरकारबाट पाउनेछन् ।

त्यस्तै नयाँ कार्यविधि अनुसार मनहरी गाउँपालिका र थाहा नगरपालिका 'ङ' वर्गमा परेका छन् । यि दुई पालिकाले प्रदेश सरकारबाट ४० प्रतिशत मात्र अनुदान पाउने भएका छन् । हेटौंडा उपमहानगरपालिका भने 'छ' वर्गमा वर्गीकृत भएको छ । हेटौंडाले प्रदेश सरकारबाट स्वीकृत समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाको लागि २० प्रतिशत मात्र अनुदान पाउने कार्यविधिमा उल्लेख छ ।

| क्र.सं. | पालिकाको नाम | वर्ग | समपूरक अनुदानको हिस्सा (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश सरकार | स्थानीय सरकार |
| १. | इन्द्रसरोवर गाउँपालिका | 'ग' | ६० | ४० |
| २. | थाहा नगरपालिका | 'ङ' | ४० | ६० |
| ३. | भीमफेदी गाउँपालिका | 'ग' | ६० | ४० |
| ४. | हेटौंडा उपमहानगरपालिका | 'छ' | २० | ८० |
| ५. | मकवानपुरगढी गाउँपालिका | 'घ' | ५० | ५० |
| ६. | बागमती गाउँपालिका | 'ग' | ६० | ४० |
| ७. | बकैया गाउँपालिका | 'घ' | ५० | ५० |
| ८. | मनहरी गाउँपालिका | 'ङ' | ४० | ६० |
| ९. | कैलाश गाउँपालिका | 'ख' | ७० | ३० |
| १० | राक्सिराङ गाउँपालिका | 'ख' | ७० | ३० |

**क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !**

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ ।

# • सम्पादकीय •

## सार्वजनिक जग्गा संरक्षणको दायित्व

नेपालमा उल्लेख्य मात्रामा सार्वजनिक जग्गा भए पनि पछिल्लो समय कुनै न कुनै बहानामा नासिने क्रम बढेको छ । यसको संरक्षणका लागि सरकारी तहबाट बेला–बेलामा पहल अघि बढाइए पनि त्यसले सार्थकता नपाएको देखिन्छ । यद्यपि गत साताा मात्र मकवानपुरकै मनहरी गाउँपालिकामा विद्यालयको मिचिएको जग्गा गाउँपालिकाको पहलमा फिर्ता ल्याइएको छ । सरकारले पनि ७७ वटै जिल्ला प्रशासन कार्यालयमार्फत सार्वजनिक जग्गा संरक्षणका लागि यसअघि नै पहल थालिसकेको छ । यसलाई कडाइका साथ कार्यानवयन गर्न सके सार्वजनिक जग्गाको दुरुपयोग रोक्न सहयोग पुग्न सक्छ । अहिले देशैभरि सार्वजनिक जग्गाको दुरुपयोग बढेको छ । खासगरी जग्गा अतिक्रमण गर्न भूमि बिचौलियाले गर्ने चलखेल तथा यस्ता कार्यमा हुने गैरकानुनी लगानीका कारण संरक्षणमा चुनौती थपिँदै गएको छ । निश्चित प्रयोजनका लागि उपयोग गर्न सरकारले उपलब्ध गराएका सार्वजनिक तथा सरकारी जग्गाको उद्देश्यभन्दा फरक रूपमा प्रयोग गर्ने, अनधिकृत रूपमा कब्जा गर्ने–गराउने, व्यक्तिगत सम्पत्तिका रूपमा दर्ता गर्ने गराउने जस्ता अनैतिक र गैरकानुनी कार्य मौलाइरहेका छन् । यस्ता कार्य रोक्न राज्यका निकायहरु कानुन कार्यान्वयनमा लाग्नुपर्छ ।

सरकारी तथ्यांकअनुसार मुलुकभर नौ लाख ४४ हजार छ सयउ ७६ कित्ता सरकारी र ६५ हजार आठ सय ४७ कित्ता सार्वजनिक जग्गा रहेको छ । त्यसो त सरकारसँग जग्गाको वैज्ञानिक वर्गीकरण र अभिलेखको आधुनिक व्यवस्थापनमा पनि समस्या देखिएको छ । सूचना प्रविधिका कारण विश्व धेरै अगाडि बढे पनि अहिले पनि हाम्रो जग्गा व्यवस्थापनको काममा पुराना ढङ्डाहरुको प्रयोग भइरहेको छ । जसले गर्दा कतिपय पुराना रेकर्डहरू धमिरा लागेर काम नलाग्ने पनि भएका छन् । यी त प्राविधिक पक्ष भए, जसमा सरकारले जति चाँडो सुधार गर्नुपर्छ । मुख्य सवाल सार्वजनिक जग्गा संरक्षणको हो, यसमा सबै पक्ष गम्भीर बन्नुपर्छ । भू–उपयोग ऐन, २०७६ ले भूमिलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी तथा तालतलैया, सार्वजनिक उपयोग तथा खुला र सांस्कृतिक तथा पुरातात्विक भनेर नौ क्षेत्रमा वर्गीकरण गरेको छ । सरकारी जग्गा र सार्वजनिक जग्गाको परिभाषा पनि फरक छ । नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सरकारी जग्गा भने परापूर्वकालदेखि रहेको ढल, बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी, निकास, गौचर, खर्क, मसानघाट, धार्मिस्थल, चौतारी, मनोरञ्जनस्थल आदिलाई सार्वजनिक जग्गाको रुपमा चिनिन्छ । दुबै प्रकारका जग्गाको मुख्य संरक्षण गर्ने दायित्व राज्यको हो, त्यसमा सार्वजनिक जग्गाको संरक्षण गर्ने उत्तिकै जिम्मेवारी समुदायको हो ।

सरकारी जग्गा संरक्षण गर्ने कानून छ । संरक्षण गर्ने निकायहरू पनि तोकिएका छन् तर सार्वजनिक जग्गाको संरक्षणमा कम ध्यान जाँदा मूलतः शहरी र तराई क्षेत्रका जग्गाको हिनामिना र अतिक्रमण तीब्र भइरहेको छ । सार्वजनिक जग्गाको अभावबाट सबैभन्दा पहिले मार स्थानीय समुदायले खेप्नुपर्ने भएकाले सार्वजनिक जग्गाको संरक्षणमा समुदायले पनि पूरै ध्यान दिनु आवश्यक छ । सार्वजनिक जग्गाको संरक्षणका लागि स्थानीय सरकार र स्थानीय समुदाय मिलेर अघि बढ्ने हो भने अतिक्रमण हुन थालेका जग्गाको संरक्षण गर्न सकिनेछ भने अतिक्रमित अवस्थाका जग्गा पनि सार्वजनिक प्रयोगमा ल्याउन सकिनेछ । त्यसका लागि सबै पक्ष गम्भर बनौं ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभञ्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# कृषि विकासमा स्थानीय तहको सक्रियता



◆ पदम भण्डारी

'कृषिः मूलश्च जीवनम्' अर्थात् कृषि जीवनको आधार हो । कृषि जीवनको मूल आधार मात्र होइन, जीवन र जगत्को आधार नै कृषि हो । कुनै पनि समाजको अर्थतन्त्र र अस्तित्वका लागि कृषि अनिवार्य छ । कृषि खाद्यान्न र कच्चा पदार्थको स्रोत मात्र होइन, यो रोजगारी, संस्कृति तथा आर्थिक विकासको प्रमुख आधार पनि हो । कृषिबिना न त जीवन सम्भव छ, न उद्योग, न त औद्योगीकरण नै । तर पनि कृषिले यथोचित प्राथमिकता पाएको देखिँदैन । यो समस्या नेपालमा मात्र होइन, संसारभर नै देखिन्छ । नेपाल अहिले संघीयता कार्यान्वयनको चरणमा छ । नेपालमा स्थानीय निकाय निर्वाचनका दुई चरण पूरा भएको छ । कार्यान्वयनको हिसाबले संघीयतालाई बाल्यावस्था नै भन्दा फरक पर्दैन । संघीयता कार्यान्वयनका लागि स्थानीय निकायमा कर्मचारीको राम्रो व्यवस्थापन अझै हुन सकेको छैन । संघबाट केही कर्मचारी गएका छन् तर केन्द्रीय मानसिकताकै कारण राम्रो काम हुन नसकेको गुनासाहरू सुनिएको छ । यस्तो अवस्थामा स्थानीय निकायले कृषिको विकासमा के–कस्ता कार्यक्रम सञ्चालन गर्ने भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

नेपालको संविधान, २०७२ को धारा ५७ मा व्यवस्था भएको राज्यशक्तिको बाँडफाँडका आधारमा संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको सूची उल्लेख गरिएको छ । नेपाल सरकारले हालै सोबमोजिमका अधिकार सूचीको कार्य विस्तृतीकरणलाई स्वीकृत गरी कार्यान्वयनका लागि जारी गरेको छ । संविधान कार्यान्वयनका क्रममा यो लेखमा स्थानीय तहको कृषि विकासका कार्यभार का बारेमा चर्चा गर्ने प्रयास गरिएको छ । संविधानको अनुसूची ८ मा कृषि तथा पशुपन्छी विकाससम्बन्धी स्थानीय तहको अधिकार क्षेत्रको रूपमा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्यका अतिरिक्त कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण उल्लेख भएको पाइन्छ ।

संविधानतः स्थानीय तहले आवश्यक कानुन निर्माण गरी ती अधिकार प्रयोग गर्न सक्नेछन् । यस क्रममा आगामी दिनमा स्थानीय तहले उन्नत बीउ तथा उन्नत नस्लको पशुपन्छीको प्रसार, मल, बीउ र पशुजन्य औषधि एवं दानाको सुलभ आपूर्तिको व्यवस्था, एग्रोभेट, बीउबिजन विक्रेता, मल विक्रेता, फलफूल नर्सरी, तरकारी नर्सरी आदि दर्ता, नवीकरण र अनुगमन, नवीनतम कृषि प्रविधि प्रसार, तालिम एवं प्राविधिक सेवा टेवा, भेटेरिनरी सेवा, नियमन सेवा, कृषि व्यवसायीकरण तथा उद्यमशीलता विकास, कृषि तथा पशुजन्य पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन, स्थानीय एवं रैथाने बाली तथा पशु नस्लको संरक्षण, घाँस तथा चरन व्यवस्थापन, कृषि एवं पशु हाटबजार तथा संकलन केन्द्र स्थापना र सञ्चालन, पोषण लक्षित कार्यक्रम, जलवायु परिवर्तन अनुकूलन, कृषि ऋण तथा बीमा व्यवस्थापन, उर्वराशक्ति व्यवस्थापन तथा माटो परीक्षण सेवा, बाली संरक्षण सेवा, कृषि सहकारी प्रवर्द्धन, साना सिँचाइ, पानीको स्रोत संरक्षण एवं वर्षाको पानी संकलन प्रविधि, भू–उपयोग नीतिको कार्यान्वयन र जग्गा सुधार, बाँझो जग्गा उपयोग, सामूहिक तथा सहकारी खेती, कृषि सडक तथा ग्रामीण विद्युतीकरणलगायत साना पूर्वाधार विकास, कृषि पर्यटन, युवालाई कृषि पेसामा आकर्षण गर्न युवा लक्षित कार्यक्रम, कृषि तथ्यांक व्यवस्थापन आदि कार्यहरू प्रमुख रूपमा सञ्चालन गर्नु आवश्यक छ ।

स्थानीय निकायले कृषि विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएका छन् । यसमा अनुदान वितरण, बीउ र मलको व्यवस्थापन, सिँचाइ व्यवस्था, कृषि प्रशिक्षण र उत्पादन बजारीकरणजस्ता क्षेत्रहरू समावेश छन् । तर, स्थानीय निकायले यी कार्यक्रम कार्यान्वयन गर्दा कर्मचारीको समायोजन, बजेट विनियोजन र प्राविधिक सहयोगजस्ता समस्या भोग्नुपरेको छ । एकातिर केन्द्र सरकारमा आवश्यकताभन्दा बढी कर्मचारी छन् भने स्थानीय तहमा कर्मचारीको आवश्यकता छ । तसर्थ, हाल भएका कर्मचारीलाई स्थानीय सरकारमा आवश्यक पर्ने दरबन्दीमा समायोजन गर्नु आवश्यक छ । तर, समस्या के छ भने समायोजनपश्चात् सरूवा तथा बढुवाको व्यवस्था के हुने हो भन्ने चिन्ता कर्मचारी वर्गमा रहेको छ । यसले गर्दा कर्मचारीको मनोबल खस्किएको अवस्था छ ।

कर्मचारीको समायोजन गर्दा स्थानीय निकायको जिम्मेवारीअनुसारको सांगठनिक सर्वेक्षण गरी कृषि क्षेत्रका लागि कति कर्मचारी चाहिन्छ भन्ने निर्धारण गर्नुपर्छ । यसले गर्दा स्थानीय निकायले आफ्नो आवश्यकताअनुसार कर्मचारी पाउनेछन् । कार्यकारी अधिकृतका लागि खुला प्रतिस्पर्धा गरी योग्य कर्मचारी चयन गर्नुपर्छ । यसले गर्दा कार्यकारी अधिकृतले आफ्नो जिम्मेवारी प्रभावकारी ढंगले निर्वाह गर्न सक्छन् । स्थानीय निकायमा कार्यरत कर्मचारीको न्यूनतम १० वर्षमा कम्तीमा एकपटक र जागिर अवधिभर कम्तीमा दुई पटक बढुवा पाउने व्यवस्था गर्नुपर्छ । यसले गर्दा कर्मचारीको मनोबल बढ्नेछ ।

स्थानीय माग र आवश्यकताका आधारमा स्थानीय निकायकै अगुवाइमा बजेट विनियोजन गर्नुपर्छ । यसले गर्दा स्थानीय स्तरमा कृषि विकासका कार्यक्रमहरू प्रभावकारी ढंगले कार्यान्वयन हुनेछ । कृषि प्राविधिकको मुख्य काम भनेको प्राविधिक सेवा नै हो । कृषकलाई प्राविधिक सेवा दिन आवश्यक क्षमता विकास गरी समयानुकूल सेवा दिनुपर्छ । विगतमा सेवा केन्द्रले दिँदै आएको सेवा नै स्थानीय निकायबाट प्रवाह हुने हो । तसर्थ, उच्चस्तरको कर्मचारी स्थानीय निकायमा बसेर काम गर्दा हिजोभन्दा गुणस्तरीय सेवाको सुनिश्चितता गर्न सकियो भने त्यो नै संघीयताको उपलब्धि हुनेछ । जहाँसम्म कृषि क्षेत्रमा लगानी बढाउने कुरा छ, प्रविधि विस्तारमा सरकारी लगानी निश्चित रूपमा आवश्यक छ । तर, सरकारी लगानीमा व्यवसायीकरण हुन सक्दैन भन्ने अनुभवले देखाएकै छ । तसर्थ, सरकारी क्षेत्रबाट पूर्वाधार विकासमा ध्यान दिन आवश्यक छ । संघीय शासन प्रणालीअनुसार स्थानीय सरकारलाई कृषिको विकासमा विशेष अधिकार प्रदान गरिएको छ । उनीहरूले कृषकलाई विभिन्न सेवा, अनुदान, प्रविधि र बजार सुविधाहरू उपलब्ध गराउने प्रयास गरिरहेका छन् ।

नेपालका ७ सय ५३ स्थानीय तहले आफ्नो क्षेत्र अनुसार कृषि नीति बनाएका छन् । स्थानीय सरकारले कृषि विकासका लागि नीति निर्माण गर्दै वार्षिक बजेट विनियोजन गर्छन् । प्रत्येक पालिकाले आफ्नो आवश्यकताअनुसार कृषकको समस्या पहिचान गरी कार्यक्रम सञ्चालन गर्छ । उदाहरणस्वरूप भरतपुर महानगरपालिकाले वार्षिक बजेटमा १० करोडभन्दा बढी कृषि क्षेत्रका लागि छुट्ट्याएको छ । यसमा कृषि यान्त्रीकरण, सिँचाइ, अनुदान र जैविक खेती प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ भने हुम्लाको सर्केगाड गाउँपालिकाले दुर्गम क्षेत्रका किसानलाई अनुदान प्रदान गरी कृषि उत्पादनमा वृद्धि गर्न सहयोग गरिरहेको छ ।

नेपालका अधिकांश किसान परम्परागत खेती प्रणालीमा निर्भर छन् । स्थानीय सरकारले कृषिमा प्रविधिको प्रयोगलाई बढावा दिने कार्य गरिरहेका छन् । स्थानीय तहले ट्याक्टर, थ्रेसर, मिनी टिलर जस्ता कृषि यन्त्रहरू किसानलाई अनुदानमा उपलब्ध गराएको छ भने कतिपयले थोपा सिँचाइ, ग्रिन हाउस प्रविधि तथा स्मार्ट कृषि प्रविधिहरू प्रवर्द्धन गरिरहेका छन् । नेपालमा कृषि उत्पादनको प्रमुख समस्या सिँचाइ सुविधा अभाव हो । ललितपुर महानगरपालिकाले साना किसानलाई सिँचाइ ट्याङ्की वितरण गरेको छ भने कर्णाली प्रदेशका स्थानीय तहले सामुदायिक सिँचाइ प्रणाली निर्माण गरी किसानलाई सहयोग पुऱ्याएका छन् ।

त्यसैगरी नेपालका विभिन्न स्थानीय तहले रासायनिक मलको प्रयोग घटाएर जैविक खेतीलाई प्रवर्द्धन गर्ने नीति अपनाएका छन् । गोरखा जिल्लाको पालुङटार नगरपालिकाले जैविक मल तथा कम्पोस्ट मल प्रयोगलाई प्रोत्साहन गर्दै आएको छ । कर्णाली प्रदेशका विभिन्न स्थानीय तहले जैविक खेतीलाई प्रवर्द्धन गर्दै 'प्राङ्गारिक' घोषणा गर्ने अभियान चलाइरहेका छन् । भरतपुर महानगर पालिका कृषि उत्पादन वृद्धि तथा आधुनिकीकरणमा केन्द्रित छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहकार्यमा महानगरपालिकाले धान सुपर जोन घोषणा गरेको छ, टनेल प्रविधि

*बाँकी पेज ३ मा*

# मिठो खानेकुरा देख्ने बित्तिकै मुख किन रसाउँछ ?

खानेकुरा देख्दा वा कल्पना गर्ना साथ हरकोहीको मुखमा न्याल आउँछ । एकछिन सोचौं त, यस्तो किन हुन्छ ? धेरैलाई लाग्न सक्छ, न्याल फाल्ने पदार्थ भएकोले शरीरका लागि अनावश्यक कुरा हो । अर्थात् यसको कुनै आवश्यकता छैन । जुन वास्तवमा गलत हो ।

खानेकुरा चपाउन, टुक्र्याउन र खानानलीसम्म पुर्‍याउने काममा मद्दत गर्ने नै न्यालले हो । पहिला बुझौं, न्यालले शरीरमा के गर्छ ? न्याललाई वैज्ञानिक भाषामा 'सलाइभा' भनिन्छ । हाम्रो मुखमा रहेका सलाइभरी ग्रन्थीहरूबाट यो उत्पादन हुन्छ । मानव मुखमा मुख्य रूपमा तीन जोडी सलाइभरी ग्रन्थीहरू हुन्छन् । पारोटिड, सबम्याक्सिलरी र सबलिङ्गुअल ।

यी ग्रन्थीहरूले दिनमा करिब १ देखि १.५ लिटर न्याल उत्पादन गर्छन्, जुन हाम्रो पाचन, मुखको स्वास्थ्य, र खाना चपाउन सजिलो बनाउन आवश्यक हुन्छ । न्यालमा एमाइलेज नामक इन्जाइम हुन्छ, जसले कार्बोहाइड्रेटलाई स-साना अणुहरूमा टुक्र्याउन सुरु गर्छ । न्यालको मुख्य काम खानालाई नरम अर्थात् गिलो बनाउनु, चपाउन सजिलो बनाएर खानानलीबाट निलेर पेटमा पुग्न सहज पार्ने र आन्द्राको लागि सोस्न योग्य पार्ने गर्छ । अर्को, न्यालमा एन्टिब्याक्टेरियल गुण हुन्छ, जसले मुखलाई ब्याक्टेरियाबाट बचाउँछ । एन्टिब्याक्टेरियल गुण भएको न्याल जम्मा भएपछि खानेकुरामा भएको किटाणुहरू मार्ने काम गर्छ ।

त्यसैले, खानेकुरा देख्दा न्याल आएमा थुक्ने होइन, निल्नुपर्छ । यसरी निल्दा मुख र पेटमा भएका किटाणु मर्छन् । त्यस्तै, पेटमा भएको एसिडलाई सन्तुलनमा राख्ने काम पनि न्यालको हो ।

अब कुरा गरौं, खानेकुरा देख्दा नै न्याल किन आउँछ ? यो प्रश्नको जवाफ हाम्रो मस्तिष्क र संवेदनासँग जोडिएको छ । खानेकुरा देख्दा न्याल आउनु एक स्वचालित शारीरिक प्रतिक्रिया हो, जसलाई



'सेफालिक फेज अफ डाइजेसन' भनिन्छ । यो पाचन प्रक्रियाको पहिलो चरण हो, जुन खाना मुखमा प्रवेश गर्नुअघि नै सुरु हुन्छ ।

जब हामी खानेकुरा देख्छौं वा यसको बारेमा सोच्छौं । हाम्रो मस्तिष्कको स्नायु प्रणाली सक्रिय हुन्छ । जसले पाचन प्रणालीलाई तयार गर्न तुरुन्त संकेत पठाउँछ । यो संकेत स्नायु प्रणालीमार्फत सलाइभरी ग्रन्थीहरूलाई सक्रिय बनाउँछ, जसले न्याल उत्पादन गर्छ ।

### पहिला आँखा मोहित हुन्छ

हाम्रा आँखालाई खानेकुरा आकर्षक लाग्यो भने मस्तिष्कको हाइपोथालामस र लिम्बिक प्रणाली सक्रिय हुन्छ ।यी भागहरू भावना र भोकसँग सम्बन्धित छन् ।

उदाहरणका लागि, मिठो खानेकुरा देख्यो भने खाउँखाउँ लाग्नुको कारण हो, मस्तिष्कले तुरुन्तै यो खानयोग्य र स्वादिष्ट छ भन्ने संकेत पाउँछ । यो संकेतले सलाइभरी ग्रन्थीहरूलाई न्याल उत्पादन गर्न प्रेरित गर्छ ।

### गन्धको प्रभाव

खानेकुराको गन्धले पनि न्याल उत्पादनमा ठूलो भूमिका खेल्छ । हाम्रो नाकले गन्ध पत्ता लगाउँदा, यो सूचना मस्तिष्कको ओल्फ्याक्ट्री बल्बमा पुग्छ र त्यहाँबाट पाचन प्रणालीलाई सक्रिय बनाउने संकेत जान्छ ।

### मनोवैज्ञानिक प्रभाव

कहिलेकाहीँ खानेकुराको बारेमा सोच्दा वा सम्झँदा पनि न्याल आउँछ । यो हाम्रो मस्तिष्कको स्मृति र कल्पनाशीलतासँग जोडिएको छ । यदि तपाईंले पहिले कुनै स्वादिष्ट परिकार खानुभएको छ र त्यसको स्वाद याद छ भने मस्तिष्कले त्यही अनुभवलाई पुनःप्राप्त गर्न खोज्छ, जसले न्याल उत्पादनलाई उक्साउँछ ।

### भोकको संकेत

न्याल आउनुले हामीलाई भोक लागेको संकेत दिन्छ, जसले हामीलाई खाना खान प्रेरणा दिन्छ । खानेकुरा देख्दा मुख र साउने कारण पत्ता लगाउने वैज्ञानिक इभानले नोबेल पुरस्कार जितेका थिए ।

### खानेकुरा देख्दा मुख रसाउने कारण पत्ता लगाउने पहिलो वैज्ञ इभान

यो कुरा पहिलोपटक पत्ता लगाउने व्यक्ति रसियन फिजियोलोजिस्ट इभान प्याभलोभ थिए । उनले कुकुरको हाउभाउलाई अध्ययन गरे । उनले कुकुर लाई दिनहुँ घण्टी बजाएर खाना दिन थाले । त्यसपछि घण्टी बज्नेबित्तिकै न्याल चुहाएर उत्साहित भएको देखे ।

यसले उनले के पाए भने कुकुरहरू खानाका लागि मात्र नभई खानासँग जोडिएका संकेतहरू, जस्तै घण्टीको आवाज वा व्यक्तिको उपस्थिति सुन्दा पनि न्याल चुहाउँछन् ।

उनको यो पाचन प्रणालीसम्बन्धी अनुसन्धान र न्याल निस्कने अवलोकनले सन् १९०४ मा फिजियोलोजी तथा मेडिसिनको नोबेल पुरस्कार समेत जितायो ।

### न्याल नआउन पनि सक्छ

कहिलेकाहीँ, तनाव, डिहाइड्रेसन, वा औषधिको प्रभावले न्याल उत्पादन कम हुन सक्छ, जसलाई ड्राइ माउथ (जेरोस्टोमिया) भनिन्छ। यस्तो अवस्थामा खाना चपाउन र निल्न गाह्रो हुन्छ, र मुखमा संक्रमणको जोखिम पनि बढ्छ । त्यसैले, खानेकुरा देख्दा न्याल आउनु स्वस्थ शरीरको संकेत पनि हो ।

# गिजाबाट रगत आउने ५ कारण र रोकथामका ६ उपाय

सामान्यत दातको वरपरको मासुलाई गिजा भनिन्छ । आझभोलि गिजाबाट र गत आउने समस्या धेरैनै देखिएको छ । २०२२ मा गरिएको नर्वे अनुसन्धानका अनुसार ३० वर्ष भित्र का मनिषहरूमा ५ मध्य ४ लाई गिजाबाट रगत आउने समस्या देखिएको छ ।

### किन आउँछ गिजाबाट रगत ?

*१.नियमित दाँत सफा नगर्नु*

हाम्रो मुखामा धेरै किसिमका जिवाणु हुन्छन्। जसमध्य प्रोफाइनोमस इन्डोडेन्टल्स, ट्रेपोनेमा डेन्टिकोला र फ्रेटिब्याक्टेरियम एसपीपीहरू गिजा सम्बन्धी रोगमा धेरै पाइएको छ । दाँत सफा नगर्दा यस्ता जिवाणुहरू सक्रिय हुने गर्छन्। जसले गर्दा गिजा सुन्निने गर्छ र रगत आउने समस्या देखिन्छ ।

*२. कडा ब्रस र धेरै बलको प्रयोग*

हामीले ब्रस त गर्छौं तर कस्तो ब्रस प्रयोग गर्नुपर्छ ख्याल गर्दैनौं । गिजाको छाला पातलो हुने भएकोले कडा ब्रस र धेरै बल प्रयोग गर्दा गिजाको छालामा घाउ हुने र रगत आउने समस्या देखिन सक्छ ।

*३. आहारमा भिटामिनको कमी*

हामीले खाने आहारमा सही मात्रामा भिटामिन नपुग्दा यसको कमीले आउने गिजा सम्बन्धी समस्या निम्तिने गर्छ।

*४. वंशाणुगत रोग*

शरीमा हुने वंशाणुगत रोग जस्तै हेमोफिलिया, वन विलब्रान्ड डिजिज दिले पनि गिजाबाट रगत आउने समस्या निम्ताउन सक्छ ।

*५. नियमित औषधि सेवन*

मुटुका बिरामीलाई रगत पातलो गराउन प्रयोग हुने औषधि सेवनले गर्दा गिजाबाट रगत आउने समस्या देखिन सक्छ ।

### रोकथामका उपाय

*१. मौखिक स्वास्थ्यमा ध्यान*

स्वस् मुख ,स्वस्थ स शरीर। त्यसैले खाना खाएपछि नियमित ब्रस गर्ने बनि बसाल्नुपर्छ। दुई दाँतको बीचको फोर सफा गर्न डेन्टल फ्लसको प्रयोग गर्नुपर्छ ।

*२. नरम ब्रस र सही मात्रामा बल प्रयोग*

ब्रस गर्दा नरम ब्रस प्रयोग गर्ने गर्नुपर्छ । ब्रसको माथिल्लो भागलाई ब्रसिङ सरफेस भनिन्छ। ब्रस गर्दा यो भाग आधि दाँत र आधि गिजामा पर्ने गरेर राख्नु पर्छ ।ब्रस गर्ने भन्दैमा धेर " बल र समय नलगाउने ।

*३. गिजाको मसाज*

धेरैलाई गिजाको मसाज बारे थान नहुन सक्छ । ब्रस गरेपछि सफा औंलाले गिजालाई मसाज गर्न सकिन्छ। यसोगर्दा गिजामा रगत को प्रवाह बढ्छ र रगत आउने समस्या कम हुँदै जान्छ ।

*४. भिटामिनको प्रयोग*

भिटामिन सि र के बढी मात्रामा पाइने खाने कुराहरूको सेवन गर्ने

*५. डेन्टल चेकअप*

६ महिनामा एकचोटी आफ्नो दाँत सफा गर्न डेन्टल भिजिट गर्ने ।

६. चिकित्सकको सलाह लिने ।

शरीरमा कुनै वंसाणुगत रोग भए/नभएको, आफूले खाने औषधिले गर्दा गिजाबाट रगत आएको बारे जानकारी लिन चिकित्सकलाई देखाउनुपर्छ ।

## कृषि विकासमा .......

तथा हाइटेक खेती प्रविधिलाई प्रवर्द्धन गरिरहेको छ ।

हुम्लाजस्तो दुर्गम क्षेत्रमा स्थानीय तहले कृषिको विकासका लागि विभिन्न पहल गरेका छन् । कर्णाली प्रदेश सरकारको सहयोगमा सिँचाइ योजना सञ्चालन गरी सुक्खा जमिनमा खेती गर्न सकिने बनाइएको छ भने उच्च पहाडी क्षेत्रका लागि साना सिँचाइ प्रणाली निर्माण गरी किसानहरूलाई सुविधा प्रदान गरिएको छ । त्यसैगरी प्राङ्गारिक कृषि प्रवर्द्धन गरी स्थानीय स्तरमा उत्पादन वृद्धि गरिएको छ । जुम्लाको तिला गाउँपालिकाले स्याउ खेतीलाई प्रवर्द्धन गरेको छ । डोल्पाको त्रिपुरासुन्दरी नगर पालिकाले यार्सागुम्बा संकलनलाई व्यवस्थित बनाउन नीति निर्माण गरेको छ ।

त्यसैगरी मधेस प्रदेश कृषि उत्पादनको प्रमुख केन्द्र हो । यहाँका स्थानीय तहले धान, गहुँ, उखु, र तर कारी उत्पादन वृद्धिमा योगदान पुर्‍याएका छन् । जनकपुर उपमहानगरपालिकाले 'उन्नत बीउ वितरण कार्यक्रम' सञ्चालन गरेको छ भने मकवानपुर, बारा, पर्सा, रौतहटका स्थानीय तहले माटो परीक्षण सेवा प्रदान गरेका छन् । नेपालमा स्थानीय सरकारद्वारा सञ्चालन गरिएका कृषि विकास कार्यक्रमहरूले महत्वपूर्ण उपलब्धि हासिल गरेका छन् । कृषि उत्पादन वृद्धि भएको छ; उन्नत प्रविधि, सिँचाइ र अनुदानका कारण उत्पादनमा सुधार आएको छ । उनीहरूलाई अनुदान, सीपमूलक तालिम र बजार पहुँच उपलब्ध गराइएको छ, नयाँ प्रविधि भित्र्याइएको छ, जसले परम्परागत खेतीलाई व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्न सहयोग पुर्‍याएको छ । यसले किसानको जीवनस्तरमा सुधार आएको छ ।

नेपालमा स्थानीय तहले कृषिको विकासमा महत्वपूर्ण भूमिका खेले पनि विभिन्न चुनौतीहरू छन् । सबै स्थानीय तहमा कृषि विकासका लागि पर्याप्त बजेट छैन, कृषकलाई प्रविधि हस्तान्तरण गर्न दक्ष जनशक्ति अपर्याप्त छ, किसानले उत्पादन त गर्छन् तर बजार नपाएर उचित मूल्य पाउन सक्दैनन्, साथै अनियमित मौसम र पानीको अभावका कारण उत्पादनमा समस्या छ । यसको सुधारका लागि कृषि क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्नुपर्छ, प्राविधिक जनशक्तिको उचित प्रवर्द्धन विकास गर्न तालिम तथा कार्यशाला आयोजना गर्नुपर्छ, किसानको उत्पादनलाई स्थानीय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्ने नीति ल्याउनु आवश्यक छ । त्यसका साथै जलवायु अनुकूल कृषि प्रविधि विकास गर्न अनुसन्धानलाई प्रवर्द्धन गर्नुपर्छ ।

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# थाहानगर टिष्टुङको बागेश्वरी माविले मनायो ५७औं स्थापना दिवस

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ११ को बागेश्वरी माध्यमिक विद्यालयले ५७औं स्थापना दिवस विविध कार्यक्रमसहित मनाएको छ ।

स्थापना दिवसको अवसरमा विद्यालयले पुर्व शिक्षक, पूर्व विद्यार्थी पुर्नमिलन, साँस्कृतिक कार्यक्रमको साथमा वार्षिक परीक्षाफल प्रकाशित गरेको छ ।



बागेश्वरीले २०८१ सालको वार्षिक परीक्षाफल समेत प्रकाशित गरेको विद्यालयका प्रधानाध्यापक विरमान स्याङतानले जानकारी दिए । परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ । स्थापना दिवसको अ वसरमा विद्यालयले पूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष, पूर्व प्रधानाध्यापक र पूर्व शिक्षकहरूलाई समेत सम्मान गरेको छ । वि.स २०५८ सालबाट एसएलसी परीक्षा सञ्चालन भएदेखि अहिले सम्म करिब १ हजार जना विद्यार्थीहरू एसएलसी/एसईई परीक्षा दिई सकेको प्रधानाध्यापक स्याङतानले जानकारी दिए ।

स्थापना दिवस समारोहका प्रमुख अतिथि मकवानपुर–२ का सांसद तथा नेकपा एमालेका प्रमुख सचेतक महेश कुमार बर्तौलाले थाहानगरको उत्कृष्ट विद्यालयको रूपमा बागेश्वरी माविले आफ्नो स्थान लिएको बताए । सांसद बर्तौलाले विद्यालय प्रशासनले सामुदायिक विद्यालयको नतिजा राम्रो ल्याउनमा खेल्नु भएको भूमिकाप्रति सम्मान व्यक्त गरेका छन् । अब विद्यालयलाई प्राविधिक धारमा लौजन नगरपालिकाले योजना बनाएर अगाडि बढ्नु पर्ने उनको जोड रहेको थियो ।

कार्यक्रमका वक्ताहरूले अधिकांश तामाङ समुदायको मात्रै विद्यार्थी पढ्ने विद्यालयको शैक्षिक प्रगति थाहानगर भित्रका अन्य विद्यालयको भन्दा राम्रो रहेको बताउँदै आगामी दिनमा अझै सफलताको शुभकामना व्यक्त गरेका थिए । साविक टिस्टुङ गाविसको एक मात्रै माध्यमिक विद्यालयको रूपमा रहेको बागेश्वरी माध्यमिक विद्यालय वि.स २०२४ साल चैत २३ गते स्थापना भएको हो । कार्यक्रममा नेकपा एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधान, थाहा नगरपालिका शिक्षा शाखा प्रमुख माधव विक्रम मल्ल, थाहा नगरपालिका वडा नम्बर ११ का वडा अध्यक्ष दिनेश बल, १२ नम्बर वडाका अध्यक्ष टिकाराम स्याङतान, ११ नम्बर वडाका पूर्व वडा अध्यक्ष किरणमान बल, पूर्व प्रधानाध्यापकहरू, पूर्व शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहभागीता रहेको थियो ।

थाहा नगरपालिका
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर

अत्यन्त जरुरी सूचना !

**आगो एक असल नोकर हो भने खराब मालिक । आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो । त्यसैले सावधान रहौ ।**

डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरु:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरु बालबालिकाहरुबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, म ीतेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिँडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं ।
६) वन क्षेत्रमा मानिसहरु हिँड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर (कसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरुलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आक्स्मिक उपयोगको लागि आफ्नो  घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
(८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपदबाट बचौं र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

विपद हटलाइन नम्बर:
९७०४१२५७५७ र ९७६७५७०५००

# निष्पक्षको अध्यक्षमा गोपाली

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १ कुन्छालमा क्रियाशील गैरसरकारी संस्था निष्पक्ष युवा समूहको अध्यक्षमा रामशरण गोपाली निर्वाचित भएका छन् । समूहको २४ चैतमा भएको १९ औं वार्षिक साधारणसभा तथा दशौ अधिवेशनले गोपालीलाई अध्यक्षमा सर्वसम्मत निर्वाचित गरेको हो ।

युवा समूहको उपाध्यक्षमा प्रकाश गोपाली, सचिवमा रणु गोपाली, सहसचिवमा धर्मेन्द्र गोपाली, कोषाध्यक्षमा हिरामती गोपाली निर्वाचित भएका छन् ।



त्यसैगरी सदस्यहरूमा प्रेम बहादुर गोपाली, पदेन सदस्यमा संस्थापक अध्यक्ष रूपचन्द्र गोपाली र पूर्व अध्यक्ष सुमन गोपाली चयन भएका छन् ।

समूहको कानूनी सल्लाहकारमा निराज गोपाली चयन भएका छन् ।

# चित्लाङमा प्याराग्लाईडिङ उद्घाटन

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ तथा चन्द्रागिरि नगरपालिकाको सीमानामा पर्ने डाँडामा प्याराग्लाईडिङको व्यावसायिक उडान सुरू गरेको छ । चन्द्रागिरि एभिएशन नेपाल प्रा.लि.ले सुरू गरेको प्याराग्लाइडिङको मककवानपुर–२ का संघीय सांसद एवं नेपाल सरकार का प्रमुख सचेतक महेश बर्तौलाले २२ चैतमा उद्घाटन गरेका छन् ।

चन्द्रगिरि एभिएशन प्रा.लि.का अध्यक्ष हरिहर लामिछानेको सभाध्यक्षता तथा बर्तौलाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्याराग्लाईडिङको औपचारिक उट्घाटन गरिएको हो । कार्यक्रममा गण्डकी प्रदेश पर्यटन बोर्डका प्रमुख मणिराज लामिछाने, कोलम्बो प्लान स्टाफ कलेज मनिला फिलिपिन्सका पूर्व महानिर्देशक डा. रामहरि लामिछाने, थाहा नगरपालिका वडा नम्बर ९ का अध्यक्ष राजकुमार बलामी, चित्लाङ होटल तथा होमस्टे व्यवसायी संघका अध्यक्ष रामशरण नेपाल, बाबु एड्भेन्चरका अध्यक्ष सानोबाबु सुनार लगायतको उपस्थिति र हेको थियो ।

प्रमुख अतिथि बर्तौलाले ऐतिहासिक, साँस्कृतिक महत्वको थाहा नगरपालिका स्थित चित्लाङ क्षेत्रमा पर्यटनको प्रचुर सम्भावना रहेको बताउँदै पछिल्लो समय मुलुकको राजधानी काठमाडौं लगायत स्थानबाट प्रत्येक हप्ता हजारौंको संख्यामा पर्यटकहरूको आगमन भइरहेको उल्लेख गरे । बर्तौलाले चन्द्रागिरि अभिएशन नेपाल प्रा.लिले सुरू गरेको प्याराग्लाईडिङ व्यवसायले समग्र थाहा नगरपालिकाको ग्रामीण पर्यटन प्रबर्द्धन तथा आर्थिक, सामाजिक जीवनमा महत्वपूर्ण योगदान पुर्याउने बताए ।

चन्द्रागिरि अभिएशन नेपाल प्रा.लि.का अध्यक्ष हरिहर लामिछानेले हिमवत् खण्ड अन्तर्गतको चन्द्रागिरि क्षेत्रमा पर्ने डाँडालाई नै प्याराग्लाईडिङ व्यवसायका लागि आफुहरूले रोज्नुको पछाडि ऐतिहासिक, प्राकृतिक तथा अन्य बहुआयामिक कारण रहेको बताए । लामिछानेले संघीय राजधानी र प्रदेश राजधानीलाई जोड्ने महत्वपूर्ण नाकाको रूपमा रहेको चन्द्रागिरी भज्याङ क्षेत्र र चित्लाङलाई साहसिक पर्यटनको माध्यमबाट नयाँ गन्तव्यको रूपमा विकास गर्न प्याराग्लाईडिङलाई रोजेको बताए ।

चन्द्रागिरि अभिएशन नेपाल प्रा.लि.ले जुन स्थानबाट प्याराग्लाईडिङ उडान सुरू गरेको छ, यसअघि सोही स्थानबाट बाबू एडभेन्चरले पनि प्याराग्लाईडिङ उदाउँदै आएको थियो । कार्यक्रममा चन्द्रागिरि अभिएशन नेपाल प्रा.लि.को संचालकहरूमा अध्यक्ष हरिहर लामिछानेका साथै रोहित सापकोटा, हरि थापा, सुदिप सापकोटा रहेका छन् ।

# पाण्डुकेश्वरमा देवीदेवताको मूर्ति प्रतिस्थापन गरे

◆ विकास संवाददाता

मकवानपुर पालुङका सुतार कार्की परिवारले प्रसिद्ध पाण्डुकेश्वर महादेवको मन्दिर परिसरमा नवदुर्गासहित बिष्णु भगवानको दस अवतारको शिलाको मुर्ती प्रतिस्थापन गरेका छन् । थाहानगर पालुङका गम्भीर सिंह कार्कीका जसी मन्त र शिवहरीका सन्तान थाहा २ अंगारेका माधव कार्की, राजेन्द्र कार्की, किरण कार्की तथा रामहरि कार्की परिवारले २१ चैतमा पुजाआजा सहित विभिन्न देवीदेवताको मुर्तिको प्राण प्रस्तिस्थान गरिएको हो ।

पाण्डुकेश्वर मन्दिरको उत्तर तर्फ रहेको लामो पर्खालमा २१ वटा देवी देवताको मुर्ति प्रतिस्थापन गरिएको छ । मुर्ति प्रतिष्ठान गरेका थाहा २ अंगारेका युवा व्यावसायी माधव कार्की सहितकोकार्की परिवारले यसअघि इन्द्रायणी माइको मन्दिरमा इन्द्रायणीको बहान सिंहको मुर्ती र मन्दिरकोद्वार पालेको रूपमा रहने ऐरावत हात्तीको मुर्ती प्रतिष्ठान गरिसकेका छन । उनीहरूले मन्दिरको माथिल्लो भागमा रहेको २० मिटरको ढुंगाको नागको आकृतीलाई पनि धातुको बनाइ हाल्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

कार्की परिवारले उक्त कार्यप्रती पाण्डुकेश्वर क्षेत्र विकास समितिले धन्यवादसहित विभिन्न सांस्कृतिक झाँकी सहित सम्मान गरेको क्षेत्र बिकास समितिका अध्यक्ष जनक हमालले बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# राक्सिराङमा चेपाङ संग्राहलय निर्माण अन्तिम चरणमा

◆ विकास संवाददाता

सीमान्तकृत चेपाङ समुदायको संस्कृति, परम्परा संरक्षण, सम्वर्द्धन एवम् प्रचारप्रसार गर्ने उद्देश्यले मकवानपुरको राक्सिराङ गाउँपालिकाले गरेको संग्राहलय निर्माण अन्तिम चरणमा पुगेको छ । चेपाङ समुदायको पहिचानसँग जोडिएको भेषभूषा, चेपाङले प्रयोग गर्ने परम्परागत सामग्री र मौलिक खाद्यवस्तु संर क्षण गर्ने उद्देश्यले ३ करोड ६३ लाख रूपैयाँको लागतमा चेपाङ संग्रहालय निर्माण गरिएको हो ।

राक्सिराङ गाउँपालिकाले वडा नम्बर ५ चैनपुरमा भवन निर्माण गरि एको तीनतले संग्रहालय भवनको निर्माणकार्य सकिएर विद्युतीकरण र र गरोगन कार्य बाँकी रहेको पालिका अध्यक्ष राजकुमार मल्लले बताएका छन् । संग्रहालयमा चेपाङ समुदायले जन्मदेखि मृत्यु संस्कारसम्म प्रयोग गर्ने सामग्रीहरू राखिनेछ । एकपाखे ढ्याग्रो, माछा, चमेरो मार्ने जाल, चिउरी पेल्ने काठको कोल, ठेकी, थुन्से, गुलेली, खोरिया खन्दा प्रयोग गरिने कुटोकोदालो, हलो, सिकार खेल्दा प्रयोग गर्ने हातहतियार, चिउरीको घिउ राख्ने भाँडोलगायत चेपाङ जीवनशैली र पहिचानसँग जोडिएका सामग्री अध्ययन अवलोकनका लागि संग्रहित गरिने पालिका अध्यक्ष मल्लले बताए ।

राक्सिराङ गाउँपालिकाको केन्द्र रहेको चैनपुरमा विगतमा चेपाङ संग्रहालय संचालनमा थियो । अवलोकन र अध्ययनका लागि विभिन्न स्थानबाट मानिसहरू आउने गर्थे । २०७२ सालको भूकम्पले संग्रहालय भवनमा क्षति पुर्‍याएको थियो । भवनको मर्मत र सम्भार कार्य हेटौंडाका दिलीप वानियाँको आर्थिक सहयोगमा रोटरी क्लब अफ मकवानपुर ले गरेको थियो । भवन जीर्ण हुँदै गएकाले २०७८ साउनदेखि नयाँ भवन निर्माणकार्य सुरू गरेको हो ।

तत्कालीन जिल्ला विकास समितिको सहयोगमा २०६७ सालदेखि चेपाङ संग्रहालय स्थापना गरिएको थियो । २०७८ सालको जनगणना अनुसार मकवानपुरमा २३ हजार छ सय ४० चेपाङ समुदाय रहेका छन् । राक्सिराङ चेपाङ बाहुल्य रहेको स्थानीय तह हो ।


## थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


# आउँदो आर्थिक वर्ष इन्द्रसरोवरले राजश्व बाँडफाँडको बजेट सबैभन्दा कम पाउने

◆ विकास संवाददाता




आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि राजस्व बाँडफाँट माध्यमबाट प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने बजेट स्वीकृत भएको छ । १८ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले २०८२/८३ देखि २०८६/८७ सम्मका लागि प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा स्वीकृत गरेको हो ।

सरकारले गरेको निर्णय अनुसार मकवानपुरका १० पालिकाले आगामि आर्थिक वर्ष संघीय सरकार मार्फत १ अर्ब २३ करोड २२ लाख रूपियाँ राजश्व बाँडफाँठड तर्फ अनुदान पाउने भएका छन् । जिल्लाको १० पालिका मध्ये सबैभन्दा बढि हेटौंडा उपमहानगर पालिकाले २२ करोड ८५ लाख र सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाले ६ करोड ७५ लाख पाउने छन् ।

त्यसैगरी थाहा नगरपालिकाले १० करोड ७० लाख, कैलाश गाउँपालिकाले ९ करोड ६७ लाख, राक्सिराङ गाउँपालिकाले १० करोड ६१ लाख, मनहरी गाउँपालिकाले १३ करोड ७६ लाख रूपियाँ पाउने भएका छन् । भिमफेदी गाउँपालिकाले ९ करोड ८९ लाख, मकवानपुरगढी गाउँपालिकाले ९ करोड ३८ लाख, बकैया गाउँपालिकाले १५ करोड ५५ लाख र बागमती गाउँपालिकाले राजश्व बाँडफाँड मार्फत १४ करोड ६ लाख रूपैया बजेट पाउने भएका छन् । आगामी आर्थिक वर्षमा प्रदेश र स्थानीय तह दुवैमा समान ७८ अर्ब ८ करोड ५० लाख रूपैयाँ बाँडफाँट हुनेछ । जुन १ खर्ब ५६ अर्ब रूपैयाँ हुन आउँछ ।

संघीय सरकारले उठाउने राजस्वमध्ये आन्तरिक उत्पादनमा लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्कबाट उठेको र कम बाँडफाँट गरिन्छ । यसको ७० प्रतिशत हिस्सा संघले राख्छ । बाँकी ३० प्रतिशत भने प्रदेश र स्थानीय तहमा १५/१५ प्रतिशतका दरले बाँडफाँट गरिन्छ । उता, सवारीसाधन कर प्रदेशले उठाउने गर्छ । यसैबीच आगामी आर्थिक वर्षमा नेपाल सरकारबाट प्रदेश सरकारमा जाने राजस्व बाँडफाँट रकममध्ये सबैभन्दा धेरै कोशी प्रदेशमा जाने छ । कोशीले १२ अर्ब ३९ करोड ६० लाख पाउने छ । दोस्रो स्थानमा मधेस छ । मधेसले १२ अर्ब ३५ करोड ८४ लाख पाउने छ । तेस्रो स्थानमा रहेको लुम्बिनीले ११ अर्ब ८६ करोड पाउने छ । बागमतीले ११ अर्ब ५२ करोड पाउने देखिएको छ । कर्णालीले १० अर्ब २७ करोड, गण्डकीले ९ अर्ब ७९ करोड र सबैभन्दा कम सुदूरपश्चिमले ९ अर्ब ८७ करोड पाउने छ

# अखिल नेपाल किसान महासंघ थाहाको अध्यक्षमा महर्जन निर्वाचित




◆ विकास संवाददाता

नेकपा एमाले निकट अखिल नेपाल किसान महासंघ थाहानगरको अध्यक्षमा बज्रबाराहीका अगुवा किसान कृष्णभक्त महर्जन निर्विरोध निर्वाचित भएका छन् । २२ चैतमा पालुङमा भएको दोश्रो नगर अधिवेशनले महर्जनको अध्यक्षतामा ३१ सदस्यीय नगर कमिटी निर्विरोध निर्वाचित गरेको छ । कमिटीको उपाध्यक्षमा द्रुतराज थिङ, सचिव अनिल गोपाली, उपसचिव सुशील गोपाली, उपसचिव महिला रामेश्वरी गोपाली निर्विरोध भएका छन् ।

कमिटीको सदस्यहरूमा संयोग कार्की, शालिकराम श्रेष्ठ, यज्ञराम प्रधान, तीर्थ श्रेष्ठ, नन्दलाल श्रेष्ठ, जनक कार्की, रामकाजी आलेमगर, घ्यागर लामा, तस्वीर रायमाझी, नारायण रायमाझी, सुकदेव केसी, चन्द्रबहादुर बलामी, रमेश विष्ट, सुनमाया गोपाली, बद्री कार्की, सुदिप थोकर, बुद्धिमान थिङ, मेघराज घलान, किश्वर बलामी थाहा, निराजन बस्नेत, मानबहादुर थिङ, सिंह वीर वाइबा, विवश थिङ, अप्सरा थापा, मिश्रथ कार्की र विश्वनाथ वाइबा चयन भएका छन् ।

आयोजक कमिटीका संयोजक बिनोद कार्कीको अध्यक्षता एवम् एमाले जिल्ला कमिटी सदस्य तुलसा विष्टको प्रमुख आतिथ्यता भएको हो । अधिवेशनमा प्रमुख अतिथि विष्टले संगठनले कृषकहरूको हकहितलाई ध्यानमा राखेर कार्यक्रम बनाउन जोड दिइन् ।

अधिवेशनमा एमाले थाहानगर अध्यक्ष सुरेद्रमान प्रधानले राज्यबाट किसानका नाममा आउने अनुदानहरू बिचौलियाको हातबाट गलत मान्छेहरूले हात पारिरहेको हुँदा संगठनले किसानहरूको नेतृत्व लिएर सहजीकरण गर्नु पर्ने बताए । अधिवेशनमा किसान महासंघ ईञ्चार्ज लक्ष्मण बर्तौला, नवनिर्वाचित अध्यक्ष महर्जन, एमाले नगर सचिव सुजन कुमार रायमाझीलगायतले शुभकामना दिएका थिए ।







समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# पालुङ क्याम्पसको स्ववियू चुनाव टर्यो

◆ विकास संवाददाता

मकवानपुरको पालुङ क्याम्पसले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को चुनाव हुन नसकेको क्याम्पसको सूचीमा आफ्नो नाम सूचीकृत गराएको छ । त्रिभुवन विश्वविद्यालयले स्ववियू चुनावका लागि तोकेको ५ चैत्रको मितिमा निर्वाचन गराउन नसकी पछि धेकिलिएपछि पालुङ क्याम्पसले पछिल्लो मिति तोक्नै सकेन ।

५ चैत्रमा निर्वाचन हुन नसकेका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा २० चैतभित्र चुनाव गरिसक्न त्रिभुवन विश्वविद्यालय (त्रिवि) निर्देशन दिएको थियो। यस कारण पालुङ क्याम्पस स्ववियू चुनाव गराउन नसक्ने क्याम्पसको सूचीमा परेको हो । ५ चैतमा चुनाव तय भए पनि कतिपय आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा चुनावी प्रक्रिया रोकिएपछि त्रिविले शैक्षिक क्यालेन्डरमा असर परेको भन्दै समयसीमा नै तोकेर क्याम्पस प्रशासनलाई निर्देशन दिएको थियो ।

पालुङ क्याम्पसले निर्देशनमा उल्लेख भएको मितिमा पनि निर्वाचन गराउन सकेन । मकवानपुरको हेटौंडा क्याम्पस, वनविज्ञान, बंशगोल, मनहरी, मकवानपुर क्याम्पसलगायत अरू सबै चुनाव भए ।

## स्थानीय तह ... . . .

समपूरक अनुदान कार्यान्वयन गर्न सक्ने छन् । यि पालिकाहरूका लागि ८० प्रतिशत अनुदान प्रदेश सरकारले उपलब्ध गराउनेछन् । यो वर्गामा महाभारत गाउँपालिका काभ्रेपलान्चोक, रूभीभ्याली धादिङ, नौकुण्ड रसुवा तथा रामेछापको उमाकुण्ड र दोरम्बा गाउँपालिका परेका छन् ।

त्यस्तै 'ख' वर्गमा प्रदेशका १९ स्थानीय सरकार परेका छन् । यो वर्गमा पर्ने पालिकाले ३० प्रतिशत पालिकाको र ७० प्रतिशत प्रदेश सरकारको अनुदानबाट योजना सञ्चालन गर्नेछन् । 'ग' वर्गमा २७ वटा पालिका परेका छन् । यि पालिकाहरूले प्रदेशबाट ६० र पालिकाको ४० प्रतिशत समपूरक अनुदानमा योजना सञ्चालन गर्नेछन् । कार्यविधि अनुसार 'घ' वर्गमा परेका २३ पालिकाले समपूरक अनुदानको बजेटमा प्रदेश र स्थानीय सरकारको ५०/५० प्रतिशत लागत सहभागितामा योजना कार्यान्वयन गर्नेछन् ।

यसैबीच 'ङ' वर्गमा परेका पालिकाको लागि प्रदेश सरकारले उपलब्ध गराउने ४० प्रतिशत अनुदानबाट समपूरक योजना सञ्चालन गर्नुपर्ने छ । यस वर्गमा प्रदेशका २० वटा पालिका परेका छन् । 'च' वर्गमा परेका १३ वटा पालिकाले आफ्नो ७० प्रतिशत लागत सहभागिता सहित प्रदेश समपूरक योजना संचालन गर्नेछन् भने 'छ' वर्गमा परेका बागमती प्रदेशका १२ पालिकाले प्रदेश सरकारबाट समपूरकको योजना सञ्चालन गर्न २० प्रतिशत मात्र अनुदान पाउनेछन् । बाँकी ८० प्रतिशत स्थानीय तकहै लगानी हुनुपर्ने नयाँ कार्यैविधिमा व्यवस्था गरिएको छ ।

नयाँ कार्यविधिले पुराना आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ प्रस्ताव गर्न नपाइने गरी सर्त तोकेको छ । यसअघिको कार्यविधिमा यो प्रावधान राखिएको थिएन ।

# स्वच्छन्द भैरव कराते डोजोलाई जिल्लास्तरीय खुला करातेको उपाधी

◆ विकास संवाददाता



मकवानपुर जिल्लास्तरीय खुला कराते प्रतियोगिता, २०८१ मा ८ स्वर्ण पदकसहित थाहाको चित्लाङमा रहेको स्वच्छन्द भैरव कराते डोजो टिम प्रथम भएको छ । थाहानगर खेलकुद विकास समितिको आयोजना तथा चित्लाङको स्वच्छन्द भैरव डोजोको व्यवस्थापनमा भएको दोस्रो जिल्लास्तरीय प्रतियोगितामा ७ स्वर्ण पदकसहित हात्तिसुढे कराते डोजो दोस्रो भएको छ ।

पहिलो भएको स्वच्छन्द भैरव डोजो चित्लाङले ८ स्वर्णसहित ५ रजत तथा १२ कास्य पदक हात पारेको थियो । त्यसैगरी दोस्रो भएको हात्तीसुढे डोजोले ७ स्वर्णसहित २ रजत र १ कास्य हात पार्यो भने २ स्वर्ण ७ रजत पदक र ७ कास्य जित्दै थाहा कराते डोजो टिम तेस्रो भएको छ । विजयी टिमहरूले टूफी लगायत पुरस्कार पाएका छन् । प्रतियोगितामा पुरूष तर्फ स्वच्छन्द भैरव डोजोका शलिम गमाल उत्कृष्ट खेलाडी घोषित भएभने हात्तीसुढे डोजोकी सुजाता ब्लोन महिलातर्फ उत्कृष्ट खेलाडी घोषित भइन् ।

थाहा नगरपालिका खेलकुद विकास समिति संयोजक टिकाराम स्याङ्तानको अध्यक्षतामा भएको प्रतियोगिता समापन समारोहमा थाहानगर प्रमुख बिष्णु बहादुर बिष्टले थाहा नगरपालिकाले खेलकुद क्षेत्रको विकासको लागि सहयोग गर्दै आएको बताए । विष्टले नगरमा आयोजना हुने सबै खेललाई समान महत्व दिएको धारणा व्यक्त गरे । खेलाडी राष्ट्रका गहना भएकाले अनुशासित भएर खेल्नु पर्नेमा सुझाव दिएका थिए ।

प्रतियोगितामा जिल्लाका ९ वटा डोजोको सहभागिता रहेको प्रतियोगिताका संयोजक रोशन बलामीले जानकारी दिए । कार्यक्रममा थाहा ९ का अध्यक्ष राजकुमार बलामी, समाजसेवी तथा नेपाली काँग्रेस महाधिवेशन प्रतिनिधि जयराम लामिछाने, प्रशिक्षणक तथा रेफ्रीहरूको उपस्थिति रहेको थियो।

खाना पकाउने ग्यास प्रयोगमा सावधानी अपनाऔं !

- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
- ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
- ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
- प्रयोग मिति यकीन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
- ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं,
- आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
- कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

निःशुल्क पशु स्वास्थ्य शिविर सम्बन्धी सूचना !

यस थाहा थाहा नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **एक दिने निःशुल्क पशु स्वास्थ्य शिविर** कार्यक्रम तपसिलको मिति, समय र स्थानमा संचालन हुने भएकोले आफ्नो पशुहरुलाई ल्याई निःशुल्क रुपमा उपचार तथा औषधि लिनु हुन सम्पूर्ण पशुपालक किसानहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः
मिति : २०८१ चैत २६ गते
स्थान : वडा नं. ७ को लागि देउखेल,
वडा नं. ८ को लागि लामिचौर, बाहुनगाउँ र देवीस्थान
मिति : २०८१ चैत २७ गते, स्थान : वडा नं. १२ को लागि जगडाँडा
विहान १० बजेदेखि
बेलुकी ४ बजेसम्म

शिविरका सेवाहरु
- पशुहरुको गोबर परीक्षण तथा उपचार,
- पिपिआर तथा रेबिज खोप सेवा,
- बोका, राँगा, साँढेको स्थायी बन्ध्याकरण,
- गाई/भैसीमा कृतिम गर्भधान सेवा,
- बाँझोपन निवारण सेवा,
- आन्तरिक तथा बाह्यिय परजीवी उपाचार सेवा,
- पशुपंक्षीहरुको उपचार तथा पशुपालन सम्बन्धी परामर्श सेवा ।

सम्पर्कः
९८४३८२७८०३
९८६५५०१८०१

थाहा नगरपालिका
पशु विकास शाखा
इन्द्रायणी चौर मकवानपुर

